# नौगाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

### नौगाड गाउँपालिकाको प्रतीक चिन्ह (लोगो) डिजाइन गरी पेश गर्ने सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकशित मितिः २०८०।०९।०६)

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको मिति २०८०।७।२० गतेको बैठकले नौगाड गाउँपालिकाको छुट्टै पहिचान सहितको प्रतीक चिन्ह (लोगो) प्रतिस्पर्धाको आधारमा छनौट गरी प्रयोगमा ल्याउने निर्णय गरेकोले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रतीक चिन्ह (लोगो) निर्माण गर्न इच्छुक व्यक्ति एवं संस्थाले तपसिल अनुसारका शर्तहरुको अधीनमा रहि लोगो डिजाइन गरी यस कार्यालयको ईमेल ठेगाना naugaad@gmail.com/ info@naugadmun.gov.np वा कार्यालयमा मिति २०८०/१०/०७ गते कार्यालय समयभित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. लोगोमा यस गाउँपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक, भौगोलिक तथा सांस्कृतिक चिनारीका साथै यस क्षेत्रका नागरिकहरुको सामाजिक, आर्थिक अवस्था र पर्यटकीय क्षेत्रको विशिष्ट पहिचान झल्किने खालका संकेतहरु राख्नु पर्नेछ ।

२. लोगोमा प्रयोग भएका संकेतहरुको व्याख्या गरिएको विवरण लोगो डिजाइन सँगै पेश गर्नुपर्ने छ । लोगोमा नेपालको झण्डा, लालिगुरास र नौगाड गाउँपलिकाको नक्सा अनिवार्य रुपमा राखेको हुनु पर्नेछ।

३. लोगोमा वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र जातीय विभेद, साम्प्रदायिकता, भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकतामा आँच आउने संकेतहरु प्रयोग गर्न पाइने छैन ।

४. लोगो कम्तीमा ४०० DPI Resolution भएको TIFF/JPEG/PNG/Editable फर्म्याटमा हुनु पर्नेछ ।

५. छनौट भएको लोगोको डिजाइन कर्तालाई रु. २५,०००/- (अक्षरेपि पच्चीस हजार रुपैयाँ मात्र) कर समेत पारिश्रमिक प्रदान गरिनेछ ।

६. प्रतीक चिन्ह (लोगो) अन्यन्त्रबाट नक्कल नगरेको हुनु पर्नेछ । हस्त लिखित लोगोलाई मान्यता दिइने छैन ।

७. लोगो स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ । स्वीकृत लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र डिजाइन कर्ताले अन्यत्र प्रयोग गर्न पाउने छैन ।

८. लोगो पेश गर्दा अनिवार्य रुपमा डिजाइन कर्ताले आफ्नो नागरिकता वा संस्था दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

९. लोगो छनौट समितिले उत्कृष्ट ठहराए तीन जना डिजायन कर्ताहरुलाई लोगोमा रहेका संकेतहरुको विस्तृत व्याख्याका लागि आमन्त्रित गर्न सक्नेछ ।

१०. लोगो छनौट समितिले आवश्यक ठानेमा डिजाइन कर्ताले पेश गरेको लोगोमा परिमार्जन गर्न सक्नेछ ।

११. यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा उपस्थित भएर वा मोबाइल नं. ९८५८७८३०५८, WhatsApp/ Viber नं ९८६५७००७०० बाट जानकारी प्राप्त गर्न सकिनेछ ।

१२. म्याद नाघी प्राप्त भएका लोगो डिजाइन कर्ताहरुलाई प्रतिस्पर्धामा सामेल गराइने छैन ।

८०।०९।०६

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

(पुष्कर सिह धामी)
प्रमुख प्रशासकीय अधिकृत